प्रदेश सभा

प्रदेश नं ३

अर्थ तथा विकास समिति

पहिलो बार्षिक प्रतिवेदन२०७-६

प्रदेश सभा

अर्थ तथा विकास समिति सचिवालय

हेटौंडा मकवानपुर

ईमेलः state3assembly@gmail.com
फोन नं ०५७५२४८८९-, ०५७५२७५०८-
फ्याक्सः ०५७५२३६९२-

अर्थ तथा विकास समितिमा रहनु हुने माननीय सदस्यहरु

मा. सुरेश नेपाल

मा. डा. अजय कान्ती शाक्य

मा. आङ देण्डी लामा

मा. आशामाया तामाङ

मा. कुमारी मोक्तान

मा. दिनेश महर्जन औदिपेश)

मा. दिपेन्द्र श्रेष्ठ

मा.नारायण बहादुर सिलवाल

मा. पुकार महर्जन

मा. प्रभात तामाङ

मा. बिजुला बर्मा राण

मा. मीना ज्ञवाली नेपाल



मा. राजेन्द्र प्रसाद पाण्डे

मा. लक्ष्मण लम्साल

मा लेखानाथ दाहाल

मा. बिजय सुवेदी

मा. शशिजंग थापा

मा. शान्ति थिङग



मा. शान्तिप्रसाद पौडेल

मा. शोभा शाक्य

भूमिका

२००७ सालको क्रान्ति देखि नै नेपाली जनताका निर्वाचित प्रतिनिधिहरुले संविधान सभा मार्फत जनताका लागि संविधान बनाउने अभिलाषा राखी पटक पटक ऐतिहासिक, राजनैतिक संघर्ष गर्दै आएको यथार्थ स्मरणीय नै छ । २०३५/३६ को आन्दोलनले वालिग मताधिकार सहितको अधिकार र बहुदल वा निर्दल वीच जनमत संग्रह गर्न बाध्य बनाएको थियो । २०४६ सालको आन्दोलनले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापना भएको थियो । २०६२/०६३ को जनआन्दोलनको फलस्वरुप नयाँ संविधान नबने सम्मका लागि राजनीतिक सहमतिबाट नेपालको अन्तरिम संविधान, २०६३ मिति २०६३ माघ १ गते जारी भयो । संविधान सभाले २०७२/०६/०३ गते नेपालको संविधान घोषणा गऱ्यो । उक्त संविधानको धारा ६३ बमोजिम संविधान सभाको निर्वाचन सम्पन्न भएपछि सोही संविधान सभाको मिति २०६३ जेठ १५ गतेको पहिलो बैठकबाट नेपाललाई गणतन्त्र घोषणा गरियो । तत्पश्चात् संविधान निर्माणको कार्य क्रमिक रुपमा अगाडि बढिरहेकोमा राज्यको पुनर्संरचना, शासकीय स्वरुप, न्याय प्रणाली र निर्वाचन प्रणाली लगायतका संविधानको मुख्य अन्तर वस्तुहरुमा राजनीतिक सहमति हुन नसकि रहेको अवस्थामा मिति २०६९/०२/१४ गते तत्कालीन संविधान सभा विघटन भयो । फलस्वरुप आफ्ना निर्वाचित प्रतिनिधिबाट आफ्ना लागि संविधान लेख्ने नेपाली जनताको इच्छा आकांक्षा तत्कालका लागि अधुरै रहन पुग्यो ।

राजनीतिक दलहरु बीच पटक-पटक भएका सम्वादको निश्कर्ष स्वरुप पुनः सहमति भएपछि २०७० मंसिर ४ गते दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न भयो र २०७० माघ ८ गते संविधान सभाको पहिलो बैठक बस्यो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ को व्यवस्था बमोजिम संविधान सभाको अवधि पहिलो बैठक बसेको मितिले चार वर्ष भए तापनि नेपालमा २०७२/०१/१२, १३ र २९ गते विनाशकारी भूकम्प गयो । यसले राजनैतिक दललाई सहमति गर्ने अवसर प्राप्त भयो । संविधान सभाले मिति २०७२ भाद्र ३० गतेको बैठकबाट नेपालको संविधान पारित गऱ्यो र २०७२ असोज ३ गते राष्ट्रपतिबाट संविधान जारी गरियो ।

यसरी नेपालको संविधान जारी भएपछि संविधानको धारा ४ को उपधारा (१) को व्यवस्था बमोजिम नेपाल स्वतन्त्र अविभाज्य सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भयो । फलस्वरुप नेपाल राज्यमा संघीय, प्रादेशिक र स्थानीय समेत गरी तीन तहको सरकार र तीन तहकै व्यवस्थापिका समेतको संरचना निर्माण भयो । प्रतिनिधि सभा, सातवटै प्रदेश सभा र स्थानीय तहको समेत २०७४ सालमा निर्धारित समयमै निर्वाचन सम्पन्न भएपछि राज्यका तीनै तहको गठन भै संविधान कार्यान्वयन भयो ।

यसरी निर्माण गरिएको तीन तहको व्यवस्थापिका मध्ये प्रदेश सभा संघीय व्यवस्थापिका भन्दा एक तह तल स्थानीय व्यवस्थापिका भन्दा एक तह माथि रहेको बीचको तहको रुपमा रहेको र यसले स्थानीय व्यवस्थापिका र संघीय व्यवस्थापिका बीच पूलको काम समेत गर्ने भएकोले व्यवस्थापकीय समन्वयको लागि प्रदेश सभाको विशेष भूमिका रहन्छ । साथै प्रदेश सभा मध्ये पनि संघीय नेपालको राजधानी काठमाडौं समेत यसै प्रदेशमा पर्ने भएकोले तीन नम्बर प्रदेश सभाको अझ विशेष महत्व रहन गएको छ ।

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावली बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने प्रावधान रहेको र प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति,सार्वजनिक लेखा समति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन भएका छन् ।यस प्रदेश सभा अन्तर्गतको विभिन्न समितिहरु मध्ये यो अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । यस समितिको कार्य क्षेत्र आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालय

तोकिएको छ ।मन्त्रालय, विभाग र अन्तर्गतका निकाय हरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यस सँग सम्बन्धित क्रियाकलाप हरुको मूल्यांकन, राजश्व र व्यय सँग सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अुनमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा र मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासन हरुलाई पूरा गर्न प्रदेश सरकारद्धारा के कस्ता कदम हरु उठाएका छन् भन्ने विषयमा अध्ययन गरी आफ्नो राय सहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्ने समितिले सरकारी निकायको सार्वजनिक सम्पतिको संरक्षणको स्थिति, प्रचलित ऐन नियम अनुसार काम कारवाही भए नभएको, सरकारी आश्वासन तथा प्रत्यायोजित व्यवस्थापन समितिलाई तोकिएको जिम्मेवारी पूरा गर्ने सिलसिलामा समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको योजना, कार्यक्रम तथा प्रगति विवरण वारे जानकारी लिएको थियो । वित्तीय तथा भौतिक प्रगति सन्तोषजनक नहुनाका कारण र चुनौतिको पनि पहिचान गरिएको थियो ।

प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र राय सुझाव सहितको प्रतिवेदन सभामा पेश गर्नु समितिको दायित्व नै हो । समितिले आफ्नो कार्यक्षेत्र भित्रको विषयमा अध्ययनको काम सम्पन्न गरे पछि समितिको प्रतिवेदनको मस्यौदा तयार गरी समितिमा पेश गर्न मिति २०७५/१२/०३ मा अर्थ तथा विकास अध्ययन उपसमिति (अनुसूची-२ अनुसार) अनुसार गठन गरेको थियो । यसै सिलसिलामा प्रदेश सरकारको विभिन्न संयन्त्रले आफ्नो प्रदेशको विकास निर्माणको कार्यलाई पारदर्शी, भ्रष्टाचारमुक्त, निष्पक्ष र विवाद रहित ढंगले सहज रुपमा अगाडी बढाएको छ वा छैन भन्ने कुराको समेत अध्ययन गरिएको थियो । उपसमितिले तयार गरी समितिमा पेश भएको यो प्रतिवेदन माथि समितिमा छलफल भै अन्तिम रुप दिइए पछि प्रतिवेदन प्रदेश सभामा पेश गर्ने गरी भएको निर्णयानुसार यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभा र प्रदेश सभा अन्तर्गतको समितिको कार्य प्रक्रिया नेपालको सन्दर्भमा यो पहिलो अभ्यास हो । तथापि यो समिति आफ्नो कार्य सम्पादनको क्रममा विकास निर्माणको कार्यमा सरकारलाई आवश्यकता अनुसार घच्घच्याउन र खवरदारी गर्ने कार्यमा समेत यो एक वर्षको अवधिमा सदैव सक्रिय रहेको छ र आगामी दिनहरुमा अझ सक्रिय हुने कुरामा समेत दृढ विश्वास राखिएको छ । यो समितिको पहिलो बार्षिक प्रतिवेदन हो । यो प्रतिवेदनको कार्यान्वयनले प्रदेश सरकारको कार्य सम्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा , समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समितिका सवै माननीय सदस्यहरुको उच्च प्रसंशा गर्दछु । यस अवधिमा प्रदेश सभाका माननीय सभामुखज्यू र माननीय उपसभामुख ज्यूबाट आएका राय सुझाव एवं प्राप्त निर्देशनको लागि आभार प्रकट गर्दछु । यस समितिको आमन्त्रण बमोजिम समितिमा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकाय का पदाधिकारी र प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु र समितिको काम कारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्तगर्न चाहन्छु । धन्यवाद ।

२०७६।०२।१४

सरेश नेपाल
सभापति

विषय - सूची

परिच्छेद - १ प्रारम्भिक १
१.१ विषयप्रवेश १
१.२ प्रदेश सभामाविषयगत समितिहरुको भूमिका २
१.३ समितिको संरचना ३
१.४ समितिको कार्यक्षेत्र ४
१.५ अध्ययनको उद्देश्य ४
१.६ अध्ययनविधि ४
१.७ अध्ययन क्षेत्र ४
१.८ अध्ययनको सिमा ४
परिच्छेद - २ समितिबाट सम्पादितकार्यहरु
२.१ समितिको अर्थ तथाविकास सम्बन्धी दृष्टिकोण ६
२.२ समितिले हालसम्म गरेको कार्यहरुको विवरण ७
२.३ दिगो विकास लक्ष्य २०३० ८
२.४ समितिको निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था ८
२.५ अध्ययनको कममा देखिएकाविकासकाचुनौतिहरु ८
परिच्छेद - ३ निश्कर्ष र सुझाव
- निश्कर्ष १०
- सुझाव ११
-स्थलगत अध्ययन भ्रमण प्रतिवेदन १२
अनुसूचीहरु :-
अनुसूची - १ अर्थ तथा विकास समितिका माननीय सदस्यहरु र समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली १६
अनुसूची - २ अर्थ तथा विकास अध्ययन उप-समितिका माननीय सदस्यहरुको नामावली १७
अनुसूची - ३ प्रदेश सभा नियमावली अनुसार समितिको काम,कर्तव्य र अधिकार १८
अनुसूची - ४ दिगो विकासका लक्ष्यहरु १९
अनुसूची - ५ बैठकको कार्यसूची तथा भए गरेका काम कारवाहीको विवरण २०
अनुसूची - ६ समितिका सदस्यहरुको बैठकमा सहभागिता २६
अनुसूची - ७ आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयको प्रगति विवरण २७
अनुसूची - ८ Salient Features of Project २९
सन्दर्भ सामाग्रीहरु : ३०

माननीय सभामुख महोदय

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावली बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने प्रावधान रहेको र प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति,सार्वजनिक लेखा समति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन भएका छन् ।यस प्रदेश सभा अन्तर्गतको विभिन्न समितिहरु मध्ये यो अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । यस समितिको कार्य क्षेत्र आर्थिक मामिला तथा योजना र भौतिक पूर्वाधार तथा विकास क्षेत्र तोकिएको छ ।मन्त्रालय, विभाग र अन्तर्गतका निकाय हरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यस सँग सम्बन्धित क्रियाकलाप हरुको मूल्यांकन, राजश्व र व्यय सँग सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अुनमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा र मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासन हरुलाई पूरा गर्न प्रदेश सरकारद्धारा के कस्ता कदम हरु उठाएका छन् भन्ने विषयमा अध्ययन गरी आफ्नो राय सहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्ने, सरकारी निकायको सार्वजनिक सम्पतिको संरक्षणको स्थिति, प्रचलित ऐन नियम अनुसार काम कारवाही भए नभएको, सरकारी आश्वासन तथा प्रत्यायोजित व्यवस्थापन समितिलाई तोकिएको जिम्मेवारी पूरा गर्ने सिलसिलामा समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको योजना, कार्यक्रम तथा प्रगति विवरण वारे जानकारी लिने जस्ता महत्वपूर्ण कार्यमा आफ्नो ध्यान गरेको छ । वित्तीय तथा भौतिक प्रगति सन्तोषजनक नहुनाका कारण र चुनौतिको पनि पहिचान गरी निराकरणको उपाय सम्वन्धमा सुझावहरु दिने कार्यलाई महत्व दिइएको छ ।

प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र राय सुझाव सहितको प्रतिवेदन सभामा पेश गर्नु समितिको दायित्व हो समितिले आफ्नो कार्यक्षेत्र भित्रको विषयमा अध्ययनको काम सम्पन्न गरे पछि समितिको प्रतिवेदनको मस्यौदा तयार गरी समितिमा पेश गर्न मिति २०७५/१२/०३ मा उपसमिति (अनुसूची-२ अनुसार) गठन गरेको थियो । यसै सिलसिलामा प्रदेश सरकारको विभिन्न संयन्त्रले आफ्नो प्रदेशको विकास निर्माणको कार्यलाई पारदर्शी, भ्रष्टाचारमुक्त, निष्पक्ष र विवाद रहित ढंगले सहज रुपमा अगाडी बढाएको छ वा छैन भन्ने कुराको समेत अध्ययन गरिएको थियो । उपसमितिले तयार गरी समितिमा पेश भएको यो प्रतिवेदन माथि समितिमा छलफल भै अन्तिम रुप दिइए पछि प्रतिवेदन प्रदेश सभामा पेश गर्ने गरी भएको निर्णयानुसार यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभा र प्रदेश सभा अन्तर्गतको समितिको कार्य प्रक्रिया हाम्रो मुलुकको सन्दर्भमा यो पहिलो अभ्यास हो । तथापि यो समिति आफ्नो कार्य सम्पादनको क्रममा विकास निर्माणको कार्यमा सरकारलाई आवश्यकता अनुसार

घच्घच्याउन र खवरदारी गर्ने कार्यमा समेत यो एक वर्षको अवधिमा सदैव सक्रिय रहेको छ । आगामी दिनहरुमा अझ सक्रिय हुने कुरामा समेत दृढ विश्वास राख्दछौं । यो समितिको पहिलो बार्षिक प्रतिवेदन हो । यो प्रतिवेदनको कार्यान्वयनले प्रदेश सरकारको कार्य सम्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा , समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समितिका सवै माननीय सदस्यहरुको उच्च प्रसंशा गर्दछु । प्रतिवेदन तयारी कार्यमा अहोरात्र खटिनु हुने उप समितिका सबै माननीय सदस्यहरुको लगनशिलताको प्रशंसा गर्न चाहन्छु । यस अवधिमा प्रदेश सभाका माननीय सभामुखज्यू र माननीय उपसभामुख ज्यूबाट आएका राय सुझाव एवं प्राप्त निर्देशनको लागि आभार प्रकट गर्दछु । यस समितिको आमन्त्रण बमोजिम समितिमा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकाय का पदाधिकारी र प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु र समितिको काम कारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्तगर्न चाहन्छु । धन्यवाद ।

२०७६।०२।१७

सरेश नेपाल
सभापति

परिच्छेद–१
प्रारम्भिक

१.१ विषय प्रवेश

विकास भन्नाले साविकको पूर्वाधार, आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाबाट अघि बढ्ने प्रक्रियालाई बुझाउँछ । विज्ञहरुले विकासलाई Journey from disorder to order भनेर पनि परिभाषित गरेको पाइन्छ । नागरिकको आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नु, जीवनस्तर उठाउनु र उच्चस्तरको आर्थिक सम्वृद्धि हासिल गर्नु विकासले लक्षित गरेका प्रमुख तीन उद्देश्यहरु हुन् । विकासले आर्थिक वृद्धिको साथ - साथै परिवर्तनलाई जनाउँदछ । परिवर्तन गुणात्मक र मात्रात्मक दुवै हुने गर्दछ । कुनै पनि देश विकासको सूचकको रुपमा त्यस देशका जनताले महसूस गरेको आत्मसम्मानको स्तर, त्यस देशका जनताको आत्मनिर्भरताको स्तर, त्यस देशका जनताको आत्मनिर्भरता र त्यहाँको समानताको स्तरलाई लिइन्छ । तसर्थ,हरेक क्षेत्रको क्रमिक वृद्धिलाई नै विकास भन्न सकिन्छ ।

हरेक देशका आ-आफ्नै अर्थतन्त्रसँग सम्बन्धित सिद्धान्त तथा विकासका ढाँचाहरु हुन्छन् । यसमा आधारित भएर धेरै मुलुकहरुले आफ्नो आर्थिक तथा भौतिक प्रगति गरेका छन् । नेपालको विकासमा विभिन्न कालखण्डमा अवलम्वन गरिएका आर्थिक तथा विकासका ढाँचाहरुले आशातित परिणाम दिन सकेको छैन ।विद्यमान अवस्थामा हामीले अवलम्बन गरेको अर्थ तथा विकासका सूत्रहरुका बारेमा गम्भीर बहस हुनु जरुरी छ ।

विकासका लागि मुलुकका सबै अंगहरुको सामुहिक प्रयास हुनु जरुरी हुन्छ । हाम्रो देशमा सरकारका प्रमुख अंगहरुबीच हुनु पर्ने समन्वय र सहकार्यको अभावले विकासका लक्ष्यहरु पूरा गर्नअवरोध श्रृजना गरेको छ ।

नेपालमाआवधिक विकासको योजनाबद्ध थालनी वि.स. २०१३ सालबाट शुरु भएको हो । देश चौधौं आवधिक योजनाको समाप्ति र पन्ध्रौं पञ्चवर्षीय योजनाको प्रारम्भमा छ । नेपालको विकासलाई व्यवस्थित, क्षेत्रगत वितरण र विषय केन्द्रित गर्दै योजनावद्ध तरिकाले सम्वृद्ध नेपाल निर्माण गर्ने उद्देश्यका साथ पञ्चवर्षीय र त्रिवर्षीय योजनाहरु संचालन भएको छ दशक पार गरेको छ । विकासको दृष्टिकोणले यो अवधि मुलुकको लागि धेरै ठूलो र महत्वपूर्ण समय हो । आजसम्मको योजनाहरु विकासको परिणाम हेरेर सन्तुष्टि लिन सकिने अवस्था छैन । अध्ययनको क्रममा यिनै कुराहरुले हाम्रो ध्यान केन्द्रित गर्नु स्वभाविक थियो ।

१.२ प्रदेश सभामा विषयगत समितिको भूमिका

प्रदेश सभाको कामकारबाहीलाई चुस्त, दुरुस्त र यसको प्रभावकारिता वृद्धि गर्ने उद्देश्यका साथ संसद भित्रैबाट प्रदेश सभाको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन्, जसलाई :प्लष एबचष्किभलतको रुपमा समेत परिभाषित गरिएको छ । प्रदेश सभाले सम्पन्न गर्नु पर्ने महत्वपूर्ण, गहन र जटिल कार्यहरु प्रदेश सभाको कार्य सम्पादनलाई व्यवस्थित भरपर्दो बनाउन विषयगत कार्यविभाजन गरी संसदीय समितिहरु गठन गरिएका हुन्छन् । प्रदेश सभा नियमावली अनुसार यस प्रदेश सभामाः प्रदेश मामिला, सार्वजनिक लेखा, अर्थ तथा विकास, उद्योग, पर्यटन तथा वातावरण, शिक्षा,स्वास्थ्य तथा कृषि गरी पाँचवटा समितिहरु गठन भएका छन् । प्रदेश सभाको भूमिकामा वस्तुपरक, यथार्थपरक र निर्णायक बनाई जीवन्त राख्न तथा प्रदेश सभाको कार्यबोझलाई विधेयक बनाउने भूमिकामा प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने जिम्मेवारी वहन गर्न यस्ता संसदीय समितिहरु गठन भएका हुन ।

प्रदेश सभामा प्रवेश गरेको कुनै पनि विषयमाथि समितिहरुमा व्यापक र गहन छलफल हुने, दलीय निर्देशन लागू नहुने, विषय विज्ञहरुको उपस्थितिमा छलफल तथा बहस भै निर्णयमा पुग्न सकिने हुँदा यस्ता समितिहरुको भूमिकाले प्रदेश सभालाई बढी जिम्मेवार र उत्तरदायी बनाउँछ । यस्ता समितिहरु जनतासँग निकट सम्बन्ध राख्ने निकायको रुपमा स्वीकारिएको हुँदा प्रदेशको वास्तविक अवस्था, जनताका सरोकारका विषयहरु, माग र आवश्यकता, विकास निर्माण तथा प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष जानकारी रहेको हुन्छ । प्रदेशको आर्थिक तथा सामाजिक विकास गरी दिगो विकासको लक्ष्य हासिल गर्न र जनताका आधारभूत आवश्यकताहरु पूरा गर्दै "समृद्ध नेपाल सुखी नेपाली"भन्नेराष्ट्रिय संकल्पलाई सार्थक परिणाममा पुऱ्याउन प्रदेशको कुन कुन भूगोलमा के कस्ता विकास निर्माणका कार्यहरु संचालन गर्नु आवश्यक छ, संघीय सरकारबाट संचालन भएका प्रदेश भित्रका महत्वपूर्ण योजनाहरुको यथार्थ अवस्था र प्रगति र त्यसले पार्ने सकारात्मक प्रभावको अवस्था र प्रदेश सरकारबाट ती योजनाहरु सफल पार्न खेल्नुपर्ने भूमिकाको बारेमा समेत गहन अध्ययन र छलफल गरी सहजीकरणको वातावरण बनाउँन सकिन्छ । यस्ता समितिहरुमा विविधता बोकेका जनप्रतिनिधिहरुको प्रतिनिधित्व हुने हुँदा यसरी हुने छलफल र विचार विमर्शले यस्ता समितिबाट प्राप्त निश्कर्षले प्रदेशको समानुपातिक तथा सन्तुलित विकासमा महन्वपूर्ण योगदान पुग्ने छ । साथ साथै प्रदेश सरकारबाट सञ्चालन भएका आयोजनाहरुको अवस्था कस्तो छ ? भन्ने बारेमा नियमित अध्ययन र अनुगमन हुने हुँदा विकास निर्माणका कार्यहरु र पूंजीगत खर्चको प्रभावकारितामा महत्वपूर्ण योगदान पुग्नेछ । यस्ता समितिहरुले कार्यपालिकाबाट सम्पादित हुने सबै कार्यहरुको नियमित अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा गर्ने, छानविन, अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, प्रदेश सरकारले आफ्नो दायित्व पूरा गरेको छ, छैन हेर्ने, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको बीच सामञ्जस्यता छ कि छैन, यसको कार्यान्वयन पक्ष के छ ? र कानून निर्माणको क्रममा प्रदेश सभालाई बढीभन्दा बढी प्रभावकारी कसरी बनाउने भन्ने जस्ता महत्वपूर्ण विषयमा गहन विचार विमर्श गरी निश्कर्षमा पुग्न सकिन्छ ।

१.३ समितिको संरचना

प्रत्येक विषयगत समितिमा सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम प्रत्येक समितिमा बढीमा २२ जना सदस्यहरु मनोनीत गर्न सकिने व्यवस्था प्रदेश सभा नियमावली, २०७४ मा रहेको छ। प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ। हाल अर्थ तथा विकास समितिमा सभापति सहित २० जना माननीय सदस्यहरु रहनु भएको छ भने समितिलाई प्रशासकीय एवं व्यवस्थापकीय सहयोग गर्न एकसचिवालय रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसुची -१ मा उल्लेख गरिएको छ।

अर्थ तथा विकास समितिको कार्यक्षेत्र, प्रदेशको समग्र अर्थ तथा योजनासँग सम्बन्धित हुने गर्दछ। तसर्थ प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी बनाउने र आफ्नो कार्य क्षेत्रभित्रका निकायहरुको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता तथा सहभागिता कायम गर्नका लागि यसले निम्न लिखित भूमिकाहरु निर्वाह गर्दै आएको छ।

- योजना तर्जुमा तथा बजेट निर्माण जस्ता आर्थिक नीति निर्माणका कार्यलाई जनमुखी बनाउनका निम्ति उपयुक्त मार्ग निर्देशन गर्ने।
- पारित नीति तथा कार्यक्रमलाई कार्यान्वयनका लागि निर्देशन गर्ने।
- कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समाधान गर्नका लागि आवश्यक निर्देशन दिने।
- स्थानीय स्रोत साधनको परिचालनमा जोड दिने।
- आर्थिक क्रियाकलापहरु नियमसंगत भए नभएको अध्ययन गरी निर्देशन दिने।
- समितिको कार्यक्षेत्र भित्र रहेका निकायहरुको काम कारबाहीलाई लिएर जनताको गुनासो, सिकायत र सुझावका बारेमा छलफल गरी निर्देशन दिने।
- समितिको कार्य क्षेत्रको विषयसँग सम्बन्धित रहेर आवश्यकता अनुसार अध्ययन, अवलोकन, अनुसन्धान र छलफल गर्ने।
- प्रदेश सभाले भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विधेयकहरु दफावार छलफलको लागि पठाएमा त्यस्ता विधेयकउपर दफावार छलफल गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा पेश गरी पूर्णता दिने।

१.४ समितिको कार्यक्षेत्र

प्रदेश सभा नियमावली,२०७४ को नियम १४६ को उपनियम (१) बमोजिम गठित पाँचवटा समितिहरु मध्ये अर्थ तथा विकास समिति रहेको छ । यस समितिको कार्यक्षेत्र आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालय रहेका छन । आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित क्षेत्रको अध्ययन गरी प्रतिवेदन सभामा पेश गर्ने व्यवस्था गरिएको छ । प्रदेश सभा नियमावलीले तोकेका समितिको काम, कर्तब्य र अधिकार अनुसूची–३ मा दिइएको छ ।

१.५अध्ययनको उद्देश्य

प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याँकन गरी समुचित टिप्पणी सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।यस समितिसँग सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायहरुको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने बैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा आफ्नो राय सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

१.६ अध्ययन विधि

प्रदेश सभा नियमावली , २०७४ को नियम १४६ बमोजिम प्रत्येक विषयगत समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । यस समितिले विषयगत मन्त्रालयहरुको काम कारबाहीलाई लिएर बेलाबखत आवश्यक निर्देशनहरु समेत दिएको छ ।

मन्त्रालयहरुबाट प्राप्त विवरणहरुको अध्ययन ।

मन्त्रालय र अन्तर्गतका पदाधिकारीहरुसँग छलफल ।

प्रदेश सरकारको नीति, योजना, कार्यक्रम तथा प्रचलिन कानूनको अध्ययन ।

विभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया एवं छलफल ।

१.७अध्ययनको क्षेत्र

आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र अन्तर्गतको योजना, कार्यक्रम, कार्यान्वयनको स्थितिको अध्ययन गर्ने ।

१.८अध्ययनको सीमा

प्रदेश सरकारका मन्त्रालयहरु निश्चित देखिएका तर अन्तर्गत कार्यालयहरु कुन कुन ठाउँमा कतिवटा छन् ? स्पष्ट खाका आइनसकेकोले पूर्ण रुपमा अध्ययन गर्न नसकिएको ।

कार्यालयहरुमा एक त जनशक्ति कमी त्यसमा पनि कर्मचारीको सरुवा छिटो छिटो हुने गरेकोले काम कारवाही प्रभावित भएको र मन्त्रालय र अन्तर्गत निकायहरुबाट भए गरेका कार्यहरुको अभिलेख व्यवस्था सन्तोषजनक नरहेकोले अपूर्ण अभिलेखको आधारमा अध्ययन गर्नु परेको ।

योजना कार्यान्वयन शुरुवाती चरणमा नै भएकोले प्रगति विवरणको समीक्षा गर्न कठिनाई भएको ।

प्रतिवेदन लेखन तथा प्रस्तुत अवधि सीमित भएको हुँदा प्रदेश सरकार मार्फत संचालन भएका सबै योजनाहरुको स्थलगत निरिक्षण गर्न नभ्याइएको ।

विषयगत कार्यालयहरुको जिल्ला स्थित कार्यालयहरु समयामा नै स्थापना नहुनु र भएका विषयगत कार्यालयहरुमा पर्याप्त जनशक्तिको अभावले गर्दा आ.व. ०७५।०७६ को नीति कार्यक्रममा प्रस्तावित योजनाहरुको वास्तविक अवस्थाको चित्रण गर्न सकिएन । विषयगत मन्त्रालय तथा त्यससँग सम्बन्धित निकायहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रगति विवरण लिने कार्य गरिएको छ । यसर्थ समितिको प्रतिवेदनमा प्राथमिक तथा द्वितिय तथ्याङ्क तथा सूचनाहरुको उपयोग गरिएको छ ।

परिच्छेद-२

समितिबाट सम्पादन भएका कार्यहरु

२.१ अर्थ तथा विकाससमितिको दृष्टिकोण

संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको संसदबाट बजेट पास नगरी खर्च गर्न नपाउने, कर तथा राजस्व निर्धारण पनि प्रदेश सभाबाटै पारित गरेर मात्र लागू गर्ने आधारभूत मान्यता हो । प्रदेश सभामा गठन भएका विषयगत समितिहरुको कार्यक्षेत्र भनेको प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रमहरु र बजेटमा विस्तृत छलफल गरी दिशा निर्देश गर्ने अभिन्न अंग हुन् । भौतिक पूर्वाधारसँग सम्बन्धित र अर्थ तथा योजनासँग सम्बन्धित सबै विषयहरुसँग सम्बन्धित प्रदेश सरकारका कार्यक्रमहरु र विनियोजित बजेट प्रदेश सभाबाट पारित भै कार्यान्वयनको चरणमा प्रवेश गर्ने परिपाटी भएपनि प्रदेश नीति तथा योजना आयोगले प्रस्तावित गरेका नीति तथा आवधिक योजनाहरु पनि प्रदेश सभामा छलफलको विषय बनाई जाने परिपाटी अवलम्बन गर्न वाञ्छनीय हुन्छ । परियोजना बैंकमा प्रविष्ट हुने योजनाहरुको विश्लेषण तथा सश्लेषण गरी वर्गीकरण गर्ने र क्रमिक रुपमा सम्बोधन गर्ने प्रणालीको सुरुवात गरी आवधिक योजनाहरुमा समावेश गर्ने र वर्षको अन्त्यमा गरिने रकमान्तरलाई समेत विषयगत समितिमा जानकारी गराई प्रदेश सभाबाट अनुमोदन गराउन समेत उपयुक्त हुन्छ । योजना प्रस्ताव गर्दा समग्र प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा पार्ने सकारात्मक प्रभावको मूल्यांकन गर्नु पर्दछ । साथै लगानीको पनि कार्यान्वयन पूर्व नै सुनिश्चित गरिनुपर्दछ । योजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्र स्तरीय ठूला, मझौला र साना योजनाहरुलाई प्राथमिकीकरण गरी समानुपातिक बजेट वितरण प्रणालीलाई अवलम्बन गरिनु पर्दछ । संघ, प्रदेश र स्थानीय सरकारले प्रस्ताव गरेका योजनाहरुमा दोहोरोपना हुन दिइनु हुँदैन । स्थानीय स्रोत र साधनको अधिकतम उपयोगितामा ध्यान दिनुपर्दछ । दबाब र प्रभावका आधारमा विनियोजित हुने योजनाहरुले समग्र प्रदेशको सम्वृद्धिलाई सम्बोधन गर्न सक्दैन । अतः आवश्यकताका आधारमा योजना तथा बजेट वितरण गर्न भूगोल, जनसंख्या, मानव विकास सूचांक र कार्यान्वयनको सहज पक्षलाई छनौटको आधार बनाइनु उपयुक्त हुन्छ ।

"विकासमा ऐक्यवद्धता, राजनीतिमा प्रतिस्पर्धा"को नीतिलाई राजनीतिक संस्कारको रुपमा विकास गरिनु पर्दछ । प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रत्यायोजित हुने विभिन्न किसिमका अनुदानहरुको कार्यान्वयन पक्ष राजनीतिक समझदारीको अभावको आधारमा प्रभावित भएको देखिन्छ । योजना कार्यान्वयनका अव्यवहारिक, प्रक्रियामुखी झन्झट तथा ढिलासुस्तीका कारणले गर्दा समयमा नै योजनाहरु सम्पन्न हुनमा अवरोध भएका हुन् । यो कुरालाई विधिसम्मत चुस्त, दुरुस्त बनाई कार्यान्वयन पक्षमा सुधार गर्ने व्यवस्थालाई आत्मसात गरिनु पर्दछ ।

राज्यको स्रोतले मात्र सबै आधारभूत विकासहरु कार्यान्वयन गर्न नसकिने भएको हुँदा विकासमा सार्वजनिक-नीजि-साझेदारी(PPP model), सार्वजनिक-नीजी-सहकारी (PPC model), संघ-प्रदेश साझेदारी, प्रदेश-स्थानीय साझेदारी तथा संघ-प्रदेश-स्थानीय तह साझेदारीका योजनाहरुलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिनु पर्दछ । कार्यान्वयन चरणमा रहेका योजनाहरुलाई सालबसाली, क्रमागत

तथा बहुवर्षीय योजनाका रुपमा निश्चित अवधिमा सम्पन्न हुने आधारमा बजेट विनियोजन गर्ने व्यवस्था गर्नु पर्दछ ।

२.२ समितिले हालसम्म गरेको काम कारवाहीको संक्षिप्त विवरण

प्रदेश सभाको पहिलो बैठक शुरु भएको २७ दिनपछि विषयगत समितिहरु गठनभएको थियो। यसै क्रममा वि.स. २०७४ साल फाल्गुण १५ मा अर्थ तथा विकास समितिसमेतगठन भयो । गठन अवधिदेखि हालसम्म समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित समसामयिक विषयहरुमा कूल१८वटा बैठकहरु बसी विभिन्न विषयमा छलफल गरी प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालयहरुलाई मार्ग निर्देशन गर्ने कार्य गरेको छ । आवश्यकता अनुसार उप समिति गठन गर्न सकिने व्यवस्था भए अनुसारसमितिको कार्यमा सहयोग पुऱ्याउन तथाअर्थ तथा विकास समितिको वार्षिक प्रतिवेदनको मस्यौदा पेश गर्नउपसमितिगठन भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयहरुसँग यस अवधिमा भएका प्रगति विवरणहरु अध्ययन गरिएको छ । अध्ययनको क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव तथा विभागीय प्रमुखहरुको उपस्थितिमा उक्त मन्त्रालयबाट हालसम्म भए गरेका कार्यहरुको प्रगतिका बारेमा समीक्षा गर्ने कार्य सम्पन्न भएको छ । मुख्यमन्त्रीकै कार्यकक्षमा माननीय मुख्यमन्त्रीसँग बसी उपसमितिले गर्ने कामको बारेमा जानकारी गराउने काम भएको छ ।

प्रदेश सभा नियमावली , २०७४ को नियम १४६ बमोजिम प्रत्येक विषयगत समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । यस समितिले विषयगत मन्त्रालयहरुको काम कारबाहीलाई लिएर बेलाबखत आवश्यक निर्देशनहरु समेत दिएको छ ।

कानून निर्माणको सन्दर्भमा प्रदेश सभाले दफावार छलफलको लागिप्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक,२०७५, प्रदेश आकष्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५, कर तथा गैर कर राजस्व लगाउने/उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५, प्रदेश कार्य संचालन कोषको व्यवस्था गर्न बनेको विधेयक र.प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक यस समितिमा पठाएकोमा उक्त विधेयकहरु माथि दफावार छलफल गरी सोको प्रतिवेदन प्रदेश सभा समक्ष पेश भै विधेयकहरु पारित भैसकेका छन ।

समितिबाट आफ्नो कार्य सम्पादनको क्रममा आवश्यकता अनुसार सरोकारवाला पक्षहरु, सम्बन्धित सरकारी निकायहरुका पदाधिकारीहसँग छलफल गरीआवश्यक निर्देशनहरु दिने काम समेत भएको छ । समितिले आफ्नो कार्यक्षेत्र भित्रका मन्त्रालयहरुको प्रगति विवरण पेश गर्न लगाई जानकारी लिने उद्देश्यले मिति २०७५।११।२२ गते कार्याशाला गोष्ठीको आयोजना समेत गरेको थियो । उक्त कार्याशाला गोष्ठीमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव तथा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षले आआफ्नो कार्यालयको प्रगति विवरण पेश गर्नु भएको थियो । यसै सन्दर्भमा प्रदेश नीति

तथा योजना आयोगले परियोजना बैंकको अवधारणा र महत्वको बारेमा जानकारी गराइएको थियो ।समितिबाट भए गरेका काम कारवाहीको विवरण अनुसूची–५ मा दिइएको छ ।

२.३ दिगो विकास लक्ष्य २०३०

नेपाल सरकारले सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी संयुक्त राष्ट्रसंघमा आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । अतः दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा प्रतिफल, २४४ वटा विश्वव्यापी तथा २४५ वटा राष्ट्रिय परिसूचकहरु पूरा गर्नु पर्नेछ । यसर्थ प्रदेश नं. ३ ले आफ्नो योजनाहरु तर्जुमा गर्दा "दिगो विकास लक्ष्य २०३०" हासिल गर्न सहयोग पुग्ने गरी तर्जुमा गर्नु पर्दछ । दिगो विकासका लक्ष्यहरु अनुसूची–४ मा दिइएको छ ।

२.४ समितिको निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था

प्रदेश सरकारको संरचनामा गठन प्रक्रियामा भएको ढिलासुस्ती र आवश्यक जनशक्ति अभावका बाबजुद पनि समितिले महसूस गरेका विषयहरुमा गरेका निर्णयहरु र निर्देशनहरु तथा सुझावहरु सम्बन्धित सरोकारवाला निकायहरुले समयमा नै कार्यान्वयन गरेको पाइन्छ ।

२.५ अध्ययनको क्रममा देखिएका विकासका चुनौतिहरु

विकास आफैंमा जटिल, चुनौतिपूर्ण र प्रतिस्पर्धी विषय हो । विगतमा भएका विकासका प्रयासहरु र राज्यले लिएको विकासका नीतिहरुले आशातित प्रगति हासिल गरेको देखिदैंन । प्रदेश सरकारको यो पहिलो अनुभव भए तापनि विगतमा भएका विकासका गतिविधिहरुलाई मध्यनजर राख्दा र परिवर्तित अवस्थामा समेत समय सापेक्ष सुधारमा आएको सुस्ततालाई ध्यानमा राखेर समितिले केही विकासका चुनौतिहरुलाई औंल्याईएको छ ।

- विगतबाट पाठ नसिक्नु ।
- गुणस्तरीय र दिगो विकासको अवधारणा बन्न नसक्नु ।
- विद्यमान कानून विकास मैत्री नुहुनु ।
- पूर्व तयारी विना परियोजनाहरु कार्यान्वयन गरिनु ।
- स्थानीय स्रोत र साधनको परिचालनको ठोस नीति नहुनु।
- समय सापेक्ष प्रविधिको प्रयोग नगरिनु ।
- विषय विज्ञको सेवा ग्रहण नगर्नु ।
- राजनीतिक दलहरु वीच विकासमा समान धारणा नबन्नु ।
- विकासलाई उत्पादनसँग जोड्न नसक्नु ।
- सबै कुरालाई शंकाको दृष्टिकोणबाट हेर्ने संस्कारको विकास हुनु ।

- साझा उत्तरदायित्वको भावना नहुनु ।
- मूल्यांकन तथा अनुगमन प्रणाली व्यवस्थित नहुनु
- विकास निकायहरु वीच समन्वय नहुनु ।
- विकासलाई सामाजिक न्यायसँग जोड्न नसक्नु ।
- प्रदेश सरकारका विकास आयोजना र कार्यक्रमलाई प्रक्रियामा लैजाने स्पष्ट मापदण्ड नहुँदा बजेट र कार्यक्रमको बाँडफाँड समन्यायिक हुन नसक्नु ।
- समयमै अख्तियारी नजानु ।
- विषयगत निकायमा आवश्यक जनशक्ति अभाव हुनु ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच आपसी समन्वयको अभाव हुनु ।
- प्रदेश सरकारका अंगहरु वीच सहकार्य, समन्वय र सहअस्तित्वको भावना अभिवृद्धि हुन नसक्नु ।
- संघले केही आयोजना प्रदेश मातहत राखेकोमा फेरि संघमा राखी विनियोजित रकम समेत फिर्ता लैजानु ।
- केही योजना बहुवर्षेमा राख्नु पर्नेमा एक वर्षेमा र एक वर्षेमा राख्नु पर्ने योजना बहुवर्षेमा रहेको र फेरि पूंजीगतमा राख्नु पर्नेमा चालुमा र चालुमा राख्नु पर्नेमा पूंजीगत हुनु ।
- स्थायी राजधानी तथा नामाकरणको टुंगो नलाग्नु ।

परिच्छेद-३

निश्कर्ष र सुझाव

३. निश्कर्ष र सुझाव

समितिले प्रदेशको समग्र अर्थतन्त्र र आर्थिक क्षेत्रको विकाससँग सम्बन्धित विषयहरुमा पटक-पटक बैठकहरु गरेर गहन छलफल चलाएको छ । भौतिक पूर्वाधारको विकासले नै प्रदेशको मानवीय विकास, आर्थिक विकास, सामाजिक विकास र राजनीतिक विकासलाई स्थायित्व प्रदान गर्दछ । कर तथा राजश्व संकलन, यसको समुचित वितरण तथा योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म सम्बन्धित सरोकारवाला निकायहरुले विशेष ध्यान दिनु पर्दछ । राज्यका सबै निकायहरु बीचको सहकार्य र समन्वयबाट मात्र सम्वृद्धि हासिल गर्न सकिन्छ ।

प्रदेश ३ को समग्र विकासको लागि योजना छनौट तथा वितरण प्रक्रिया पारदर्शी र समानुपातिक वितरण प्रणालीका माध्यमबाट गर्नु आवश्यक देखिन्छ । योजना छनौट प्रक्रिया द्ययततफ तय त्यउ ब्उउयचबअज का माध्यमबाट गर्ने परिपाटीको सुरुवात गर्नुपर्दछ । प्रदेश सरकारको भूमिकालाई प्रत्यक्ष देखिने, सुनिने र महसूस हुने गौरवान्वित योजनाहरुलाई प्राथमिकता दिइनु पर्दछ । सरकारका तीनै तह बीचको आपसी समन्वय र सहकार्यबाट मात्र सम्वृद्ध नेपाल निर्माण गर्न सकिने हुँदा संविधान प्रदत्त एकल तथा साझा अधिकारका क्षेत्रहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्दछ । आन्तरिक स्रोत परिचालनलाई पारदर्शी बनाउन प्रदेश सरकार र स्थानीय सरकार वीचको कर तथा राजश्व बाडफाँडलाई व्यवस्थित बनाइनु पर्दछ । प्रदेश सरकार मार्फत स्थानीय सरकारलाई जाने सबै प्रकारका अनुदानहरुको वितरण तथा कार्यान्वयन पक्षलाई प्रदेश तहको उपस्थिति प्रत्यक्ष रुपमा अनुभूत हुने गरी लागू गर्ने व्यवस्था अवलम्बन गरिनु पर्दछ ।

वार्षिक बजेटमा सम्वोधन भएका योजना तथा बजेट रकम कार्यान्वयनका लागि अख्तियारी आर्थिक वर्षको सुरु महिनामा नै सम्बन्धित निकायहरुमा पुग्नु र मार्ग महिनाभित्र बोलपत्र प्रक्रिया सम्पन्न गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नु पर्दछ । सार्वजनिक खरिद ऐनमा उल्लेख भएको न्यूनतम रकम बोलपत्र सकार्ने व्यवस्था अन्त्य गरी गुणस्तरीय निर्णयको लागि उचित व्यवस्था अवलम्बन गर्न कानूनी व्यवस्था मिलाइनु पर्दछ । प्रदेश सरकारले पचास लाखसम्मका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्न सकिने व्यवस्थालाई खुकुलो बनाई सार्वजनिक खरिद ऐनमा व्यवस्था भए अनुसार योजनाको प्रकृतिलाई हेरी रु एक करोडसम्मका योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । रु एक करोडभन्दा माथिका योजनाहरुलाई विस्तृत अध्ययन प्रतिवेदन ९म्एच० को व्यवस्था गरी बहुवर्षीय बजेटको व्यवस्था गरिनु पर्दछ ।

सुझावहरु

१. प्रदेशको औचित्य र सान्दर्भिकता पुष्टी हुने गरी रोजगार मूलक कार्यक्रम तथा योजना छनौट गर्ने ।

२. योजना तथा कार्यक्रम छनौट गर्ने सम्बन्धमा अर्थविद तथा योजनाविदहरुको सल्लाह र सुझाव लिने ।

३.आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रत्येक जिल्लाको सांसदसँग छलफल गरेर छलफलबाट प्राप्त सुझावलाई समेटेर एकीकृत बजेट निर्माण गर्ने ।

४. प्रदेश स्तरीय गौरवका आयोजना छनौट गरी कार्यान्वयनमा लैजाने ।

५. देश भित्र सञ्चालित औद्योगिक क्षेत्रभित्रका उद्योगहरुको उत्पादन क्षमता पहिचान गरी पूर्ण क्षमतामा सञ्चालन मार्फत उत्पादन र रोजगारी वृद्धि गर्ने क्षेत्रमा लगानी गर्ने ।

६. प्रदेश भित्रका जिल्लाहरुको भौगोलिक विशेषता तथा उपलब्ध स्रोत साधनको वास्तविक अवस्था पहिचान गरी प्रदेश विशेष कार्यक्रम (मेघा प्रोजेक्ट) संचालन गर्ने ।

७. विकास बजेट खर्च नहुने परिपाटीलाई अन्त्य गर्न बजेट छरपस्ट विभाजन नगरी प्रदेश सरकारका उपलब्ध स्रोतसाधन तथा प्रदेशले प्रयोग गर्न सक्ने कानूनी अधिकार अन्तर्गत कार्यान्वयन गर्न सकिने तथा उपलब्धि हासिल हुने विकास योजनाको लागि मात्र बजेट विनियोजन गर्ने ।

७. अर्थमन्त्रीले पेश गरेको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा पेश गरेको प्रस्तावमा उल्लेखित विषय वस्तुमा विषयगत मन्त्रालयहरुको पर्याप्त गृहकार्य नदेखिएकोले समेट्नुपर्ने धेरै विषयवस्तु गौण भएको पाइएकोले मन्त्रालयहरुलाई थप गृहकार्य गरेर कार्यक्रम तथा बजेट बनाउन सुझाव दिने ।

८. कृषिमा भएको श्रम र पूँजीको ऋणात्मक उत्पादकत्वलाई कम गर्ने गरी व्यवसायिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने योजना निर्माण गर्न ध्यानाकर्षण गराउने ।

९. प्रदेशभित्रको भौगोलिक विकटता, स्रोतसाधनको उपलब्धता, जनताको चेतनाको स्तर, उपलब्ध भौतिक पूर्वाधार

समेतको सूक्ष्म अध्ययन गरी आवश्यकताको आधारमा विकास बजेटलाई प्राथमिकतापूर्वक विनियोजना गर्ने ।

१०.सरकारी तथा गैरसरकारी निकायबाट भित्रिने लगानीलाई प्रदेश सरकारको बजेटमा समावेश गर्ने तथा प्रदेश सरकारको पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्न अनुमति दिने ।

११. भूकम्पबाट प्रभावितहरुलाई आवास अनुदान सरल र सहज रुपमा उपलब्ध गराउने ।

१२. सामुदायिक क्याम्पसहरुको पूर्वाधारमा विशेष प्राथमिकता दिने ।

"सूर्यविनायक न.पा. १,३ र ४ अन्तर्गत पर्ने दक्षिणबाराही मन्दिर, काठमाडौँ स्कुल अफ ल पानी ट्याङ्की सलमपाखा हुँदै सिरुटार जाने सडक"को

"स्थलगत अध्ययन भ्रमण प्रतिवेदन"

१. पृष्ठभूमी

सडक सञ्जाल देश विकासको महत्वपूर्ण मेरुदण्डहो । यातायात क्षेत्रको व्यवस्थित र योजनावद्ध विकास गर्न सकिएमा मात्र देशको आर्थिक तथा सामाजिक क्षेत्रमा युगान्तकारी परिवर्तन गर्न सकिन्छ । तसर्थ सडक सञ्जाललाई देशको रक्तनलीको रुपमा लिइन्छ । जुनभूगोलमा यातायातको पूर्ण विकास भएको हुन्छ, त्यहाँका जनताको आर्थिक , सामाजिक, सांस्कृतिक , राजनैतिक, धार्मिक तथा पर्यटकीय विकासका सम्भावनाका अवसरका द्वार खुल्ला रहन्छन । जसले गर्दा जनताको जीवनस्तरमा सकारात्मक प्रभाव पर्दछ । हाम्रो देश आफैमा भूपरिवेष्ठित देश भएको हुँदा सडक सञ्जालको विकास वीना अन्य क्षेत्रको विकासको कल्पना पनि गर्न सकिदैन । यसर्थ पूर्वाधार विकासमा सडक तथा यातायात क्षेत्रको विकास नै पहिलो प्राथमिकता पर्ने गर्दछ । यसै अनुरुप जनस्तरबाट पनि सडक तथा यातायात सम्बन्धी नै योजनाहरुको माग बढी हुने गर्दछ ।

सडक यातायातलाई विकासको पूर्वाधार मानिन्छ । पूर्वाधारकै अभावमा अहिले पनि हाम्रो यातायात क्षेत्र अस्तव्यस्त छ । भएका पूर्वाधारलाई समेत व्यवस्थित गर्न सकिएको छैन र यसबाट उत्पन्नहुने नोक्सानी व्यहोर्न बाध्य हुनु परेको छ । भनिन्छ जुन देशमा गाडीको जति गति हुन्छ , त्यो देशमा विकासको गति पनि त्यति नै हुन्छ । आज युरोपको विकास "यूरो" हैन, त्यहाँको दिगो सडक सञ्जाल नै हो ।

नेपालमा यातायात विकासका लागि जलमार्ग, रेलमार्ग, सुरुङमार्ग तथा हवाईमार्गको प्रशस्त सम्भावना छ । तसर्थ आर्थिक सामाजिक, साँस्कृतिक, विकासको लागि यातायात क्षेत्रलाई मेरुदण्डको रुपमा लिइन्छ । अत:यस्ता पूर्वाधार निर्माणकालागि सार्वजनिक, निजी, साझेदारी मोडल अनुरुप काम गर्न सके यस क्षेत्रले आशातित फड्को मार्न सक्छ ।

२. उद्देश्य

भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिकावडा नं. १, ३ र ४ अन्तर्गत पर्ने दक्षिणबाराही सलमपाखा सिरुटार सडकको लम्बाई चार कि.मी. रहेको छ । यो सडकबाट दैनिक हजारौँ मानिसहरु आवतजावत गर्ने गर्दछन् । यो सडकले भक्तपुर जिल्ला र ललितपुर जिल्लालाई उत्तर दक्षिणबाट जोड्ने गर्दछ । विगतमा यही बाटो हुँदै ललितपुर जिल्लाको रमणीय धार्मिक तथा पर्यटकीय क्षेत्र गोदावरीसम्म आउने जाने गरिन्थ्यो । बढ्दो बस्ती विकास र

जनघनत्वका कारणले यो सडकको महत्व अझ धेरै बढेको छ । यो सडकको माध्यमबाट काठमाडौँ तथा भक्तपुर जिल्लाको सदरमुकाम भक्तपुरसम्म जनताहरुको दैनिक पहुंच बढेको छ । यो सडकको विस्तार तथा स्तरोन्नति गर्न सके हजारौं मानिसलाई यातायातको सहज पहुँच हुनुका साथै स्थानीय स्तरमा उत्पादन भएका उपभोग्य वस्तुहरु काठमाडौँ, भक्तपुर तथा ललितपुरको बजारसम्म पुऱ्याउन सहजहुने छ । ललितपुर जिल्लाका बासिन्दाहरुलाई भक्तपुर तथा भक्तपुर पूर्वका काभ्रे, सिन्धुपाल्चोकसम्म जान सहज हुनेछ । अतः यो सडकलाई निश्चित अवधिमा सम्पन्न गर्न, निर्माण कार्यलाई तिव्रता दिई प्रभावकारी बनाउन, तोकिएको बजेट रकम तोकिएकै समयमा कार्य सम्पन्न गर्न, गराउन सम्बद्ध सबैलाई आवश्यक सहयोग गर्न गराउनु पर्ने भए सो समेत गर्न गराउन र कुनै व्यवहारिक अवरोधहरु भए त्यसको समाधान गर्ने उद्देश्यले स्थलगत निरीक्षण गरिएको थियो ।

३. स्थलगत अध्ययन भ्रमण

प्रदेश-३ सरकारबाट संचालन भएका आयोजनाहरुको स्थलगत अध्ययन गर्ने कार्य अर्थ तथा विकास समितिको कार्य क्षेत्र भित्र पर्ने भएको हुँदा, सोही अनुसार मिति २०७५ चैत्र ३ गतेकोसमितिको बैठकले पाँच सदस्यीय अर्थ तथा विकास अध्ययन उप समितिगठन गरिएको थियो । सोही उप समितिले यो निर्माणाधीन सडकको स्थलगत अवलोकन गरेको थियो ।

स्थलगत अवलोकनमा सहभागी माननीयहरु :

१. मा. शशीजंगथापा - संयोजक

२. मा. शान्ति प्रसादपौडेल - सदस्य

३. मा. मिनाज्ञवाली नेपाल - सदस्य

४. मा. शोभाशाक्य - सदस्य

४. स्थलगत भ्रमणमा देखिएका तथ्यहरु

निर्माणाधीन दक्षिणवाराही- सलमपाखा- सिरुटार सडक स्थलगत अध्ययन भ्रमणका क्रममा स्थानीय जनता, निर्माण व्यवसायी, मजदुर तथा सरोकारवाला सरकारी निकायका प्रतिनिधि र त्यस क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिहरुसँग छलफल गरियो । छलफलका क्रममा सडक निर्माणगर्दा आई परेका व्यवहारिक समस्याहरुको जानकारी गराईएको थियो ।

४.१ दक्षिणवाराही- सलमपाखा - सिरुटार सडकको प्रस्थानविन्दु कहाँबाट सुरु गर्ने भन्ने विषयमा स्थानीय स्तरमा दुई किसिमका रायहरु प्रस्तुत भएको पाइयो । पहिलो राय

बमोजिम साविकमा जुन स्थानबाट आवत-जावत भै आएको छ सोही स्थानलाई प्रस्थान विन्दु बनाउने, दोस्रो राय साविकको बाटोभन्दा पूर्व पट्टि रहेको बाटोलाई प्रस्थान विन्दु बनाई सडक निर्माण गर्दा सोही स्थानमा प्रदेश सरकार मार्फत निर्माण भै रहेको दक्षिणवाराही पार्कको क्षेत्रफललाई अझ व्यवस्थित गर्न सकिने भएको हुँदा दोस्रो विकल्पलाई उपयुक्त ठहराई साविक चलनचल्तीको बाटोलाई आठमिटर चौडाईको सडकको रुपमा पार्क भित्रबाट नै आवत जावत गर्न उपयोग गर्ने गरी पार्कको पूर्वमा रहेको बाटोलाई स्तर उन्नति गरी निर्माण गर्ने सहमति बमोजिम कार्य सुरु गरेको पाइयो ।

४.२ सडक निर्माणका क्रममा दक्षिणबाराही सामुदायिक वन क्षेत्रमा रहेका १५ वटा रुखहरु कटान गर्नुपर्ने भएकोले सडक विस्तारका क्रममा कटान गर्नु पर्ने रुखहरुको विवरण सहित सम्बन्धित निकायमा स्वीकृतिका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडा मार्फत संघीय वन तथा वातावरण मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार गरिएको र सो को जवाफ प्रतिक्षारत रहेको हुनाले निर्माण कार्य काठमाडौं स्कुलअफ ल बाट सुरु गरिएको पाइयो ।

४.३ सडक निर्माण र विस्तारका क्रममा टेवा पर्खाल तथा साविक राजकुलोमाथि स्ल्याव पथ ढलान गरी फुटपाथ निर्माण कार्यको लागि ढलान कार्य सुरु भै रहेको ।

५. स्थलगत निरीक्षणका क्रममा देखिएका समस्याहरु

५.१ दक्षिणवाराही- सलमपाखा-सिरुटार सडकको प्रस्थान विन्दुमा सीमाङ्कन गर्दा स्थानीय जनतामा असन्तुष्टि,

५.२ दक्षिणवाराही सामुदायिकवन क्षेत्र पर्ने १५ वटा रुखहरु बाटो विस्तारका क्रममा कटान गर्नु पर्नेमा वन मन्त्रालयबाट स्वीकृति दिनमा ढिलाई ,

५.३ निर्माणाधीन सडक कार्यमा खटिएका न्यून मजदुरहरुका कारणले कामले गति लिन नसकेको

५.४ निर्माणाधिन सडकको जमिन मुनि खानेपानीको पाइपलाईन भएकोले त्यसलाई व्यवस्थित गर्न अप्ठेरो,

५.५ बजेटको अख्तियारी तथा निकासा समयमा नै नभएकोले पुनः टेण्डर भै बाँकी रहन जाने रकमको कार्य गर्न समस्या ।

६. निष्कर्ष

प्रस्तावित निर्माणाधीन सडक निर्माणले जनस्तरमा उत्साह छाएको छ । प्रदेश ३ सरकारको प्रथम बजेट तथा नीति कार्यक्रममा उक्त योजना समावेश भएकोमा यस क्षेत्रका जनताले उक्त योजनालाई प्रदेशको उपहारको रुपमा ग्रहण गरेका छन् । उक्त सडक निर्माण पश्चात यस क्षेत्रका जनताको दैनिक जीवन सहज हुनुका साथै त्यस भेगमा बसोबास गर्ने जनताको जीवनमा आर्थिक तथा सामाजिक क्षेत्रमा समेत सकरात्मक प्रभाव पर्नेछ ।

७ सुझावहरु

७.१ विनियोजित बजेट समयमा नै निकासा गर्ने प्रवन्धमा सुधार गर्नुपर्ने ,

७.२ सडक निर्माणका क्रममा कटान गर्नुपर्ने रुखहरुको बारेमा अनुमति माग्दा सम्बन्धित निकायले अविलम्ब जवाफ दिनुपर्ने ,

७.३ विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको रकम सम्भव भएसम्म एक आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्नुपर्ने, अथवा परियोजनाको रकम ठूलो भए क्रमागत वा वहुवर्षीय योजनाको रुपमा सम्बोधन गर्नुपर्ने ।

अनुसूची–१

अर्थ तथा विकास समितिका माननिय सदस्यहरु रसचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली:

सभापति मा. श्री सरेश नेपाल

सदस्यहरु

१.मा. डा.अजय क्रान्ति शाक्य
२. मा. आङ देण्डी लामा
३. मा. आशामाया तामाङ
४. मा. कुमारी मोक्तान
५. मा. दिनेश महर्जन (दिपेश)
६. मा. दीपेन्द्र श्रेष्ठ
७. मा. नारायणबहादुर सिलवाल
८. मा. पुकार महर्जन
९. मा. प्रभात तामाङ
१०. मा. विजुला वर्मा राणा
११. मा. मीना ज्ञवाली नेपाल
१२. मा. राजेन्द्रप्रसाद पाण्डे
१३. मा. लक्ष्मण लम्साल
१४. मा. लेखनाथ दाहाल
१५. मा. विजय सुवेदी
१६. मा. शशिजंग थापा
१७. मा. शान्ति थिङ
१८. मा. शान्तिप्रसाद पौडेल
१९. मा. शोभा शाक्य

समितिमा कार्यरत कर्मचारीहरुको विवरण

१. सचिवश्री रामशरण घिमिरे
२.शा.अ. श्री इन्दिरा पौडेल
३.अधिकृत(सातौ)श्री रामप्रसाद भुसाल
४. अधिकृत (छैटौ) श्री त्रिपुरारी बखेल
५. ना.सु.श्री केदारप्रसाद मैनाली
६.क.अपरेटर श्री विद्याचन्द्र शिवहरे
७. खरिदारश्री अमृता खनाल

अनुसूची-२

अर्थ तथा विकास अध्ययन उपसमितिमा रहनु भएका माननीय सदस्यहरु

१. मा. शशिजंग थापा - संयोजक

२. मा. शान्ति प्रसाद पौडेल - सदस्य

३. मा. मिना ज्ञवाली नेपाल - सदस्य

४. मा. विजुला बर्मा राणा - सदस्य

५. मा. शोभा शाक्य - सदस्य

अनुसूची–३

प्रदेश सभा नियमावली अनुसार समितिको काम, कर्तब्य र अधिकार

(क) मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको बार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(ख) राजस्व र व्ययसँग सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अुनमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(ग) मन्त्रिपरिषद्का सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(घ) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(ङ) प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारवाही वारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(च) प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन वा जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

(छ) मन्त्रालय, विभाग र अन्य निकायहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ज) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

(झ) समितिले आफूलाई तोकिएको कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरु र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान प्रदान गर्ने ।

(ञ) आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने ।

(ट) कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यहरुले सभामुखको स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्छन् र भ्रमण स्वीकृति माग गर्दा त्यसरी भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाइएको हुनु पर्छ ।

(ठ) समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदनहरु वार्षिक अनुमान पेश गर्नु अगावै र अरु प्रतिवेदनहरु जुनसुकै समयमा प्रस्तुत गर्न सक्छ ।

(ड) प्रदेश सभाले दफावार छलफलको लागि विधेयक पठाएमा दफावार छलफल गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक बैठकमा पेश गर्ने ।

अनुसूची-४

दिगो विकासका लक्ष्यहरु

१. सबै ठाउँबाट सबै प्रकारका गरिवीको अन्त्य गर्ने ।

२. भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।

३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै सम्वृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

४. समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनश्चित गर्दै सबैका लागि जीवन प्रर्यन्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने ।

५. लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरुलाई सशक्त बनाउने ।

६. सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

७. धान्न/व्यहोर्न सकिने, भरपर्दो दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

८. स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने ।

९. उत्पादनशील पूर्वाधारहरु निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने ।

१०. देशभित्र तथा देशहरु बीचको असमानता हटाउने ।

११. सहरहरु र मानव वस्तीहरुलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।

१२. दिगो उपयोग र उत्पादन ढाँचाहरु सुनिश्चित गर्ने ।

१३. जलवायु परिवर्तन र यसको प्रभावहरुसँग जुध्न तत्काल कार्य अधि बढाउने ।

१४. दिगो विकासको निम्ति महासागरहरु, समुन्द्रहरु र सामुन्द्रिक स्रोतहरु संरक्षण गर्ने र दिगो रुपमा प्रयोग गर्ने ।

१५. स्थानीय पर्यावरणको संरक्षण, पुनरस्थापना र दिगो उपयोगको प्रर्वद्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भू-क्षय रोक्न तथा जैविक विविधताको सरंक्षण गर्ने ।

१६. दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरुको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरुको स्थापना गर्ने ।

१७. दिगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनहरुलाई सुदृढ गर्ने र अन्तराष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने ।

अनुसूची - ५

बैठकको कार्यसूची तथा भए गरेका काम कारवाहीको विवरण

बैठक संख्या	मिति	विषय	निर्णयहरु/निर्देशनहरु
१	२०७४।१२।१५	सभापतिको निर्वाचन ।	समितिको सभापति पदमा निर्वाचन गरियोस भन्ने प्रस्ताव निर्णायार्थ पेश हुँदा उक्त पदमा मा.सरेश नेपाल निर्विरोध निर्वाचित हुनु भएको ।
२	२०७४।१२।१६	समितिको क्षेत्राधिकार, काम, कर्तव्य र अधिकार र लेखा परीक्षण सम्बन्धी ।	१. मा. आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुंगेलबाट आगामी प्रदेशस्तरीय भिजन एवं जिल्लागत संरचना सम्बन्धमा समितिका मा. सदस्यहरुसँग छलफल भएको । २. मा.सभापति श्री सरेश नेपालबाट समितिको काम,कर्तव्य र क्षेत्राधिकारका सम्बन्धमा ब्रिफिङ गर्नु भएको । ३. मा.सदस्यहरुबाटसमितिको क्षेत्राधिकार यकिन गरिदिन माग गरिएको ।
३	२०७४।१२।२८	समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने जिल्लागत निकाय तथा क्षेत्रहरुको अनुगमन, प्रदेश योजना आयोगको गठन, प्रक्रिया लगायतका विषयमा छलफल हुने ।	१. (प्रदेश नं. ३ अन्तर्गत पर्ने जिल्लामा दर्ता भएका सवारी साधनहरु अन्य प्रदेश मार्फत कर संकलन भइरहेको हुँदा ३ नं. प्रदेश मार्फत नै कर संकलन गर्ने व्यवस्था मिलाउन पहल गर्ने निर्णय गरिएको । २. संवैधानिक वित्त आयोग गठन गर्न सरकार मार्फत ध्यानाकर्षण गराउने निर्णय गरिएको ।
४	२०७५।०१।१२	आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयहरुले तयार गर्नुपर्ने विधेयक सम्बन्धमा ।	१. आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयहरुले तयार गर्नुपर्ने विधेयक २०७५ अषाढ मसान्त भित्र प्रदेश सभामा दर्ता गर्न निर्देशन दिने निर्णय गरिएको ।
५	२०७५।०२।०४	प्रदेश सरकार एवं सरोकारवाला निकायलाई विभिन्न विषयमा दिइने सल्लाह सुझावका सम्बन्धमा ।	१. प्रदेशको औचित्य र सान्दर्भिकता पुष्टी हुने गरी रोजगारमूलक कार्यक्रम तथा योजना छनौट गर्ने सम्बन्धमा मन्त्रालयलाई सुझाव दिने । २. योजना तथा कार्यक्रम छनौट गर्ने सम्बन्धमा अर्थविद तथा योजनाविदहरुको सल्लाह र सुझावमा गर्न सुझाव

			दिने । ३. सरकारले छिटोभन्दा छिटो विज्ञसहितको योजना आयोग गठन गर्न सुझाव दिने । ४. अर्थमन्त्रालयले प्रत्येक जिल्लाको सांसदसँग छलफल गरेर छलफलबाट प्राप्त सुझावलाई समेटेर एकीकृत बजेट निर्माण गर्न अग्रसरता लिने । ५. प्रदेश स्तरीय गौरवका आयोजना छनौट गर्नको लागि सुझाव दिने । ६. देश भित्र संचालित औद्योगिक क्षेत्रभित्रका उद्योगहरुको उत्पादन क्षमता पहिचान गरी पूर्ण क्षमतामा सञ्चालन गरी उत्पादन र रोजगारी वृद्धि गर्ने क्षेत्रमा लगानी गर्न सुझाव दिने । ७. प्रदेश भित्रका जिल्लाहरुको भौगोलिक विशेषता तथा उपलब्ध स्रोत साधनको वास्तविक अवस्था पहिचान गरी प्रदेश विशेष कार्यक्रम (मेघा प्रोजेक्ट) सञ्चालन गर्न सुझाव दिने । ८. विकास बजेट खर्च नहुने परिपाटीलाई अन्त्य गर्न बजेट छरपस्ट विभाजन नगरी प्रदेश सरकारका उपलब्ध स्रोतसाधन तथा प्रदेशले प्रयोग गर्न सक्ने कानूनी अधिकार अन्तर्गत कार्यान्वयन गर्न सकिने तथा उपलब्धि हासिल हुने विकास योजनामा मात्र बजेट विनियोजन गर्ने । ९. अर्थमन्त्रीले पेश गरेको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा पेश गरेको प्रस्तावमा उल्लेखित विषयवस्तुमा विषयगत मन्त्रालयहरुले पर्याप्त गृहकार्य नगर्नाले समेट्नुपर्ने धेरै विषयवस्तु गौण भएको पाइएकोले मन्त्रालयहरुलाई थप गृहकार्य गरेर कार्यक्रम तथा बजेट बनाउन सुझाव दिने । १०. कृषिमा भएको श्रम र पूँजीको ऋणात्मक उत्पादकत्वलाई कम गर्ने गरी व्यवसायिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने योजना निर्माण गर्न ध्यानाकर्षण गराउने । ११. प्रदेशभित्रको भौगोलिक विकटता, स्रोतसाधनको

			उपलब्धता, जनताको चेतनाको स्तर, उपलब्ध भौतिक पूर्वाधार समेतको सूक्ष्म अध्ययन गरी आवश्यकताको आधारमा विकास बजेटलाई प्राथमिकतापूर्वक विनियोजन गर्न सुझाव दिने । १२. सरकारी तथा गैरसरकारी निकायबाट भित्रिने लगानीलाई प्रदेश सरकारको बजेटमा समावेश गर्ने तथा प्रदेश सरकारको पूर्वस्वीकृती लिएर मात्र कार्यक्रम सञ्चालन गर्न अनुमति दिने व्यवस्था मिलाउन सुझाव दिने । १३. भूकम्पबाट प्रभावितहरुलाई आवास अनुदान सरल र सहज रुपमा उपलब्ध गराउन सुझाव दिने । १४. सामुदायिक क्याम्पसरुको पूर्वाधारमा विशेष प्राथमिकता दिन सुझाव दिने ।
६	२०७५।०२।२०	१. प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको नीति तथा कार्यक्रमका सम्बन्धमा छलफल २. सरकारले आगामी बजेटमा संलग्न गर्नुपर्ने विषयवस्तुका सम्बन्धमा मिति २०७५।०२।०४ को बैठकमा छलफल गरी सुझाव दिएको विषयका सम्बन्धमा ।	प्रदेश सरकारले प्रदेश सभामा पेस गरेको नीति तथा कार्यक्रमका सम्बन्धमा छलफल भई आगामी बजेटमा संलग्न गर्नुपर्ने विषयवस्तुका सम्बन्धमा सुझाव दिईएको संघीय संसदको अर्थ तथा विकास समितिमा रहेर अनुभव हासिल गर्नु भएका माननीय सदस्यलगायत अन्य विषय विज्ञहरुको उपस्थितिमा अन्तर्क्रिया तथा छलफल गर्ने निर्णय गरिएको ।
७	२०७५।०२।२४	१.प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक,२०७५ का सम्बन्धमा छलफल । २. प्रदेश आकष्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ का सम्बन्धमा छलफल ।	प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक,२०७५ माथि दफावार छलफलका लागि समितिमा पठाइएकोमा प्राप्त संशोधन समेतका आधारमा समितिमा दफावार छलफल भई प्रतिवेदन मा.सभामुख मार्फत प्रदेश सभामा पठाउने निर्णय गरियो ।

८	२०७५।०३।०८	कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफल ।	कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ माथि प्राप्त संशोधनहरुका सम्बन्धमापहिलो चरणमा विषय विशेषज्ञहरुसँग छलफल गर्ने ।
९	२०७५।०३।१५	कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफल ।	कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ माथि संशोधनकर्ता माननीय सदस्यहरुबाट समितिको वैठकमा संशोधनहरु प्रस्तुत गरियो । विधेयकमाथि परेका संशोधनहरु सम्बन्धमा थप छलफल आवश्यक रहेकोले विषय विशेषज्ञहरुसँगको छलफल जारी राख्ने ।
१०	२०७५।०३।२०	कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफल ।	प्रदेश सभाको मिति २०७५ अषाढ ७ गते बसेको बैठकले कर तथा गैर कर राजश्व लगाउने/उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफल गर्न यस समितीमा पठाइएकोमा सो विधेयकका सम्बन्धमा छलफल गर्न बसेको बैठकले प्राप्त संशोधन समेतका आधारमा दफावार छलफल गरी मा. सभामुखमार्फत प्रदेश सभामा पठाउने निर्णय गरियो ।
११	२०७५।०८।०२	प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको विधेयक माथि छलफल ।	प्रदेश कार्य संञ्चालन कोषको व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल प्रारम्भ गरियो ।
१२	२०७५।०८।०३	प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको विधेयक माथि छलफल ।	प्रदेश कार्य संचालन कोषको व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको बिधेयकसभामा पेश गर्ने निर्णय गरियो ।
१३:	२०७५।०८।०४	प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको विधेयक माथि छलफल ।	प्रदेश कार्य संचालन कोषको व्यवस्था गर्न बनेको विधेयक माथिको दफावार छलफल सम्पन्न भएकोले समितिले गरेको निर्णयको प्रतिवेदन सहितको बिधेयकमाननीय सभामुख मार्फत सभामा पेश गर्ने निर्णय गरियो ।

१४	२०७५।०८।०५	प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक,२०७५ माथि छलफल सम्बन्धमा ।	प्रदेश सभाको मिति २०७५ आश्विन २१ गते बसेको बैठकले प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गर्न यस समितिमा पठाइएकोमा सो विधेयकका सम्बन्धमा छलफल गर्न बसेको बैठकले प्राप्त संशोधन समेतका आधारमा दफावार छलफल गरी प्रतिवेदन मा.सभामुखज्यू मार्फत प्रदेश सभामा पठाउने निर्णय गरियो ।
१५	२०७५।१०।१८	१. समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने मन्त्रालयहरुको कार्य प्रगति माग गर्ने सम्बन्धमा । २. समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने मन्त्रालयहरुले प्रदेश सभाले बनाएको ऐनले दिएको अधिकार प्रयोग गरी बनाएका नियम विनियम कार्यविधि तथा सुचनाहरु माग गर्ने सम्बन्धमा ।	१. समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको सरकार गठन भएदेखि हालसम्मको मन्त्रालय र अन्तर्गतका कार्यालयबाट भएका कार्यक्रमहरुको कार्य प्रगति विवरण १५ दिन भित्र उपलब्ध गराउन निर्देशन गर्ने निर्णय गरियो । २. प्रदेश सभाले बनाएको ऐनले दिएको अधिकार प्रयोग गरी समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले बनाएका नियम, विनियम, कार्यविधि तथा सूचनाहरु १५ दिनभित्र आइपुग्ने गरी प्रत्येकको ३०/३० प्रति पठाउन सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।
१६	२०७५।११।२२	१. समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने मन्त्रालयहरुको कार्य प्रगति माग गर्ने सम्बन्धमा । २. समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने मन्त्रालयहरुले प्रदेश सभाले बनाएको ऐनले दिएको अधिकार प्रयोग गरी बनाएका नियम विनियम कार्यविधि तथा सूचनाहरु माग गर्ने	१. समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको सरकार गठन भएदेखि हालसम्मको मन्त्रालय र अन्तर्गतका कार्यालयबाट भएका कार्यक्रमहरुको कार्य प्रगत विवरण १५ दिन भित्र उपलब्ध गराउन पुनः निर्देशन गर्ने निर्णय गरियो । २. प्रदेश सभाले बनाएको ऐनले दिएको अधिकार प्रयोग गरी समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले बनाएका नियम, विनियम, कार्यविधि तथा सूचनाहरु १५ दिन भित्र आइपुग्ने गरी प्रत्येकको ३०/३०

		सम्बन्धमा ।	प्रति पठाउने सम्बन्धित मन्त्रालयहरुलाई पुनः निर्देशन दिने निर्णय गरियो ।
१७	२०७५।१२।०३	१. अध्ययन तथा छानविन उपसमिति गठन सम्बन्धमा । २. मन्त्रालयहरुको योजना छनौटको आधार र मापदण्ड माग गर्ने सम्बन्धमा ।	१. अर्थ तथा विकास समितिको कार्यक्षेत्र भित्र पर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट माग गरिएको प्रगति विवरण, निर्देशिका, मापदण्ड जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिम अध्ययन उपसमिती गठन गर्ने निर्णय गरियो । <u>तपसिल :</u> संयोजक : मा. शशिजंग थापा सदस्य : मा.मिना ज्ञवाली नेपाल सदस्य : मा. विजुला बर्मा राणा सदस्य : मा. शान्ती प्रसाद पौडेल सदस्य : मा. शोभा शाक्य २. आ.व. ०७६।०७७ को वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आगामी वार्षिक योजना तथा कार्यक्रममा समावेश हुने योजनाको प्राथमिकताको आधार, मापदण्ड तथा छनौट प्रक्रिया बारे सम्बिन्धित मन्त्रालयमा चैत्र भित्र उपलब्ध हुनेगरी माग गर्ने निर्णय गरियो ।
१८	२०७५।१२।२६	१. कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा । २. वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिको म्याद थप सम्बन्धमा ।	१. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफल गरियो । २. अर्थ तथा विकास समितिको कार्यक्षेत्र भित्र पर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट माग गरिएको प्रगति विवरण, निर्देशिका मापदण्ड जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठन भएको वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिको म्याद २०७६ बैशाख १० गते सम्मका लागि थप गर्ने निर्णय गरियो ।

अनुसूची - ६
समितिकामाननीय सदस्यहरुको बैठकमा सहभागिता

(क) प्रथम बैठक :- २०७४।१२।१५

(ख) प्रतिवेदन बुझाउने अवधि :- २०७६ बैशाख १०

(ग) कूल बैठक संख्या :- १८

क्र.सं.	**माननीयको नाम**	**उपस्थित दिन**	**कैफियत**
१	सभापति : मा.सरेश नेपाल	१९	
२	मा. डा. अजय क्रान्ति शाक्य	५	
३	मा. आङ देण्डी लामा	१३	
४	मा. आशामाया तामाङ	१९	
५	मा. कुमारी मोक्तान	८	
६	मा. दिनेश महर्जन	४	
७	मा. दिपेन्द्र श्रेष्ठ	४	
८	मा. नारायण बहादुर सिलवाल	१०	
९	मा. पुकार महर्जन	९	
१०	मा. प्रभात तामाङ	६	
११	मा. विजुला बर्मा राणा	८	
१२	मा. मीना ज्ञवाली नेपाल	१६	
१३	मा. राजेन्द्र प्रसाद पाण्डे	३	
१४	मा. लक्ष्मण लम्साल	१३	
१५	मा. लेखनाथ दाहाल	७	
१६	मा. विजय सुवेदी	१२	
१७	मा. शशिजंग थापा	१४	
१८	मा. शान्ति थिङ	१७	
१९	मा. शान्ति प्रसाद पौडेल	१४	
२०	मा. शोभा शाक्य	१४	

अनुसूची - ७

आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रगति विवरण

आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा ।

योजना संख्या :- ३६

प्रगति ०५ भएका योजना संख्या :- ३०

सि.नं.	योजनाको नाम	भौतिक (प्रतिशतमा)	वित्तीय (प्रतिशतमा)	कूल बजेट (रु. हजारमा)
१	आन्तरिक पर्यटन प्रवर्द्धन र राष्ट्रसेवक प्रोत्साहन कार्यक्रम	३९	३३.३९	१५०००
२	ऐन नियम कार्यविधि मापदण्ड निर्देशिका लगायत कानूनहरुको निर्माण	४०	१६.६५	२०००
३	प्रदेश तथ्यांक व्यवस्थापन कार्यक्रम	७.६९	१.६६	२६००
४	सार्वजनिक निजी साझेदारी र सार्वजनिक सहकारी साझेदारी अध्ययन कार्यक्रम	३०	१९.१९	१०००
५	मन्त्रालयगत प्रगति पुस्तिका निर्माण र प्रकाशन	१००	-	५००
६	राजस्व संकलनको अध्ययन अनुसन्धान र समीक्षा	१००	३६.२५	१५९०
७	राजस्व सम्बन्धी कानून निर्माण तथा प्रकाशन	२०	१९.२०	५००
	जम्मा प्रगतिको अवस्था	०.८७	०.५९	

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौडां ।

दोस्रो चौमासिकसम्मको प्रगति सारांश

बजेट उपशीर्षक नं:- ७०३३६३५१ रकम रु.हजारमा

क्र.स.	आयोजनाको नाम	वार्षिक बजेट	यस आ.व.को चौथो चौमासिकसम्मको						कैफियत
			लक्ष्य	भौतिक प्रगति	भौतिक प्रगति प्रतिशत	विनियोजित बजेट	पुजींगत खच	वित्तिय प्रगति प्रतिशत	
१	ग्रामिण सडक	२८१५२६	२०.८३	३.११	१४.९४	११३४३०४	२७६५१.०८	१.०३	
२	खानेपानी तथा सरसफाई	५८६६४०	३.३१	१.८३	५५.३८	१८०१९७	१५९३५	०.६०	
३	जलश्रोत तथा उर्जा	१३६०५००	१६.९३	३.३६	१९.८५	९२२००५	१४६०७६.२१	५.४६	
४	भवन,आवास तथा शहर	६८२६००	८.०३	१.०८	१३.४९	४३७५००	३३५०	०.१३	
	जम्मा	५४४५०००	४९.११	९.४		२६७४००६	१९३०१२	७.२२	

अष्टमासिक भौतिक प्रगति प्रतिशत :- १९.१२

अष्टमासिक वित्तीय प्रगति प्रतिशत :-७.२२

अनुसूची-८

Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development office
Province No. 3
Dhulikhel, Kavrepalanchowk, Nepal

SALIENT FEATURES OF PROJECT

1. Name of Project

Construction of SuryabinayakNa.Pa. 1,3,4 antargatparneDakshinbarahi Mandir dekhi– Kathmandu school of Law BalkotPaniTankisalampakhahudaiSirutar Road Section, Bhaktapur

Chainage: 0+000 To 1 + 030

2. Location

2.1 Geographical location

(i)	Province No.	:	3
(ii)	Zone	:	Bagmati
(iii)	District	:	Bhaktapur

2.2 Geographical feature

(i)	Climate	:	Sub Tropical & Temperate
(ii)	Geology	:	Alluvial and residual soil deposit of river basin
(iii)	Terrain	:	Rolling and Hilly

3. Classification

3.1 Classification

District Road Standard/ Class IV, Intermediate Lane

3.2	Surface	:	Asphalt Concrete

4. Length of Road

(i)	Starting point	:	Dakshin Barahi Mandir, Thimi, Bhaktapur
(ii)	End point	:	Junction of Balkot Road Bhaktapur
(iii)	Total Length	:	1.03km

5. Cross Section

5.1	Formation width	:	8.0m
5.2	Carriage Way Width	:	5.5 m intermediate lane
5.3	Footpath Width	:	1.5 m on one side
5.4	Side Drain	:	Tick type Drain

6. Pavement Design

6.1 Base

(i) Material — Crushed gravel of size 20 mm down

6.2 Sub–base

(i) Material — Natural river sieved shingles of size < 80 mm

6.3 Surface Course

Material Asphalt Concrete

7. Project Cost

7.1	Estimated Cost NRs.	49,997,372.76 (Inclusive Overhead, Vat and Contengencies)
7.2	Contract Amount NRs.	31,143,552.38 (Inclusive VAT and PS)

8. Name of Contractor: Ghising/ CB/PSK JV

9. Contract No.: IDOKAVRE/NCB/W/03/075/076

सन्दर्भ सामाग्रीहरु :

१. नेपालको संविधान

२. प्रदेश सभा नियमावली २०७४

३. समितिमा प्रस्तुत सम्बन्धित निकायका अवधारणाहरु

४. पत्र-पत्रिकामा प्रकाशित लेख/रचनाहरु

५. दिगो विकास लक्ष्य, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०

६. प्रदेश नं. ३ को नीति, योजना तथा कार्यक्रम

७. अर्धवार्षिक, चौमासिक प्रगति विवरण